# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०५१ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्तसम्म एक वर्षभरिमा मन्त्रालय, विभाग, कार्यालय एवं अदालतहरूलाई देहाय बमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ ।

### १. वर्षभरिमा शनिबार दिनहरू

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (क) | वैशाख | – ३,१०,१७,२४,३१ | – ५ | (ख) | जेठ | – ७,१४,२१,२८ | –४ |
| (ग) | असार | – ४,११,१८,२५ | – ४ | (घ) | साउन | – १,८,१५,२२,२९ | –५ |
| (ङ) | भदौ | – ४,११,१८,२५ | – ४ | (च) | असोज | –१,८,१५,२२,२९ | –५ |
| (छ) | कात्तिक | – ५,१२,१९,२६ | – ४ | (ज) | मंसीर | –३,१०,१७,२४ | –४ |
| (झ) | पुस | – २,९,१६,२३ ३० | – ५ | (ञ) | माघ | –७,१४,२१,२८ | –४ |
| (ट) | फागुन | – ६,१३,२०,२७ | – ४ | (ठ) | चैत्र | –४,११,१८,२५ | –४ |

### २. पर्व बिदाहरू

क) नववर्ष वैशाख १ गते बिहीबारका दिन, एक दिन ।

ख) चैत्राष्टमी (चैते दशैं) वैशाख ६ गते मंगलबारका दिन, एक दिन ।

ग) रामनवमी वैशाख ७ गते बुधबारका दिन, एक दिन ।

घ) ऋषि तर्पणी (रक्षा बन्धन) भाद्र ५ गते आइतबारका दिन, एक दिन ।

ङ) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाहरूमा गौरा पर्व (गौरीपूजन) भाद्र शुक्ल अष्टमी भाद्र २८ गते मंगलबारका दिन, एक दिन ।

च) छठ पर्व मनाउने जिल्लाहरूलाई कात्तिक २३ गते बुधबारका दिन, एक दिन । (संविधान दिवस परेकोले बिदा भनिरहनु नपर्ने)

छ) ईसाई धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई क्रिसमस–डे पुस १० गते (तदनुसार २५ डिसेम्बर) आइतबारका दिन, एक दिन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ज) वसन्त पञ्चमी माघ २१ गते शनिबारका दिन, एन दिन। (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

झ) महाशिवरात्री फागुन १५ गते सोमबारका दिन, एक दिन।

ञ) फागुपूर्णिमामा देहायका जिल्लाहरूमा चैत्र ३ गते शुक्रबारका दिन एक र अरू जिल्लाहरूमा चैत्र २ गते बिहीबारका दिन एक दिन बिदा दिइनेछ।

जिल्लाको नाम

| | | | | |
|---|---|---|---|---|
| १. झापा | २. मोरङ | ३. सुनसरी | ४. सप्तरी | ५. उदयपुर |
| ६. सिराहा | ७. धनुषा | ८. महोत्तरी | ९. सर्लाही | १०. रौतहट |
| ११. बारा | १२. पर्सा | १३. मकवानपुर | १४. चितवन | १५. नवलपरासी |
| १६. रूपन्देही | १७. कपिलवस्तु | १८. दाङ | १९. बाँके | २०. बर्दिया |
| २१. सुर्खेत | २२. कैलाली | २३. कन्चनपुर | | |

ट) चैत्राष्टमी (चैते दशैं) चैत्र २५ गते शनिबारका दिन, एक दिन। (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)।

ठ) रामनवमी चैत्र २६ गते आइतबारका दिन, एक दिन।

ड) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई "ईदुजोहा बकरीद" का दिन, एक दिन।

३. महिला कर्मचारीहरूको लागि मात्र

क) हरितालिका (तीज) भाद्र २३ गते बिहीबारका दिन, एक दिन।

ख) ऋषि पञ्चमी भाद्र २५ गते शनिबारका दिन, एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

ग) नारी दिवस फागुन २४ गते बुधबारका दिन, आधा दिन।

४. जात्रा बिदा (उपत्यकालाई मात्र)

क) गाईजात्रा भाद्र ६ गते सोमबारका दिन, एक दिन।

ख) इन्द्रजात्रा असोज २ गते आइतबारका दिन, एक दिन।

ग) घोडेजात्रा चैत्र १६ गते बिहीबारका दिन, एक दिन।

घ) मत्छिन्द्रनाथको भोटो देखाउने दिन, एक दिन।



४५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दशैं बिदा

क) घटस्थापना असोज २० गते बिहीबारका दिन, एक दिन ।

ख) असोज २५ गते मंगलबारदेखि कात्तिक १ गते मंगलबारसम्म दिन आठ । (फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म)

ग) अदालतहरूमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म ।

६. तिहार बिदा

(क) लक्ष्मीपूजा कात्तिक १७ गते बिहीबारका दिन, एक दिन ।

(ख) गोवर्द्धनपूजा कात्तिक १८ गते शुक्रबारका दिन, एक दिन ।

(ग) भाइटीका कात्तिक १९ गते शनिबारका दिन, एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने) ।

७. दिवस बिदा

(क) कानून दिवस बैशाख २६ गते सोमबार अदालतहरूलाई मात्र एक दिन ।

(ख) संबिधान दिवस कात्तिक २३ गते बुधबारका दिन, एक दिन ।

(ग) राष्ट्रिय एकता दिवस पुस २७ गते बुधबारका दिन, एक दिन ।

(घ) शहीद दिवस माघ १६ गते सोमबारका दिन, एक दिन ।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते आइतबारका दिन, एक दिन ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।

९. शुभ-जन्मोत्सव बिदा

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव पुस १४ गते बिहीबारका दिन, एक दिन ।

१०. शुभ–जयन्ती बिदा

क) बुद्ध जयन्ती जेठ ११ गते बुधबारका दिन, एक दिन ।

ख) श्री कृष्ण जन्माष्टमी भाद्र १२ गते आइतबारका दिन, एक दिन ।

११. हाजिर हुने र छुट्ने समय

मन्त्रालय तथा कार्यालय समयको हकमा मंसीर, पुस र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १० बजे हाजिर भै अपरान्ह ४ बजे छुट्ने र बाँकी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।